सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
५ नं प्रदेश नेपाल

## आ.व. २०७५/०७६ को सम्पति बिवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) र निजामती सेवा ऐन, २०४९ को दफा ५४ एवं निजामती सेवा नियमावली, २०५० को नियम (१) बमोजिम निजामती कर्मचारी , अन्य कर्मचारी, शिक्षक, जनप्रतिनिधि तथा सरकारी तलव भत्ता लिने संम्पूर्णले आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो सम्पति विवरण बुझाउनु पर्ने कानूनी व्यस्था भएको हुदा आ.व. २०७५/७६ को सम्पति विवरण निर्धारित ढाँचाको फारममा भरि प्रत्येकले अलग अलग खामबन्दि गरी देहाय बमोजिमको विवरणहरु खाम वाहिर उल्लेख गरी यस कार्यालय मार्फत पेश गर्नेको हकमा मिति २०७६/०५/१० गते दिउसो १२ वजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने र सिधै पठाउनेको हकमा मिति २०७६/०५/२८ गते भित्र सम्वन्धित निकायमा दर्ता गराउनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपशिल

१) कर्मचारीको खाम वाहिर उल्लेख गर्नुपर्ने विवरण

| आ.व.२०७५/०७६ को सम्पत्ति विवरण | |
|---|---|
| कर्मचारीको संकेत(सिटरोल) नं. | श्रेणी/तहः |
| नाम/थरः | कार्यरत कार्यालयः |
| पद/दर्जाः | मोवाइल नंम्वरः |
| सेवा/समुहः | ईमेल ठेगानाः |

अमरवहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
५ नं.प्रदेश नेपाल
२०७३

२) जनप्रतिनिधिको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरण

| आ.व. २०७५/०७६ को सम्पति विवरण | |
|---|---|
| नाम/थर : | मोवाइल नंम्वरः |
| पदः | ईमेल ठेगानाः |
| निकायः | |
| ठेगाना | |

३) विदा, काज, तालिम,निलम्बनमा रहेका तथा आ.व. २०७५/७६ मा सेवा निवृत कर्मचारीले समेत अनिवार्य रुपमा सम्पति विवरण बुझाउनु पर्ने छ ।

४) सार्वजनिक विदाका दिनमा वाहेक अन्य दिन विहान १०:०० बजे देखि बेलुका ५:०० बजे सम्म र शुक्रबारका विहान १०:०० बजे देखि बेलुका ३:०० बजे सम्म सम्पति विवरण बुझाउन सकिनेछ ।

५) यस कार्यालय मार्फत सम्पति विवरण पेश गर्नेको हकमा आफै वा अन्य व्यक्ति मार्फत मिति २०७६/०५/१० गते दिउसो १२ बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने र सिधै पठाउनेको हकमा हुलाक/कुरियर मार्फत मिति २०७६/०५/२८ गते बेलुका ५:०० बजे भित्र सम्वन्धित निकायमा दर्ता गराउनु पर्ने छ । म्याद नाघेपछी प्राप्त भएको सम्पति विवरणलाई प्राप्त नभए सरह मनिनेछ ।

६) सम्पति विवरण फारम यस कार्यालयको प्रशासन शाखा बाट प्राप्त गर्न सकिन्छ वा **www.pis.gov.np** बाट डाउनलोड गरि हेर्न वा प्रिन्ट गर्न सकिनेछ । अन्य जानकारीका लागी यस कार्यालयको फोन नं. ९८५७८३६०२२ र इमेल sarumarani2073@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ ।

द्रष्टब्यः

सम्पति विवरण पेश वा दर्ता गराउने दायित्व सम्वन्धित व्यतिको भएकोले खाम बाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुज्रेको कारण सम्पति विवरण दर्ता हुन नसकेमा त्यसवाट हुने जरिवाना लगायतका विषयमा स्वयं आफु नै जिम्मेवार हुनेछ ।

अमरवहादुर वली
प्रमुख प्रशासकीय अधिकृत